सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(४) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को निमय ३ बमोजिम सार्वजनिक गरिएको

# जिल्ला प्रशासन कार्यालय प्यूठान

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

## आ.व. २०७८/७९ को

## स्वतः प्रकाशन गर्नुपर्ने दोस्रो त्रैमासिक सूचना विवरण

# जिल्ला प्रशासन कार्यालय

## खलंगा, प्यूठान

२०७८

**जिल्ला प्रशासन कार्यालय प्यूठानबाट २०७८ साल कार्तिक १ देखि २०७८ पुस मसान्त सम्म भए गरिएका कामको विवरण सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(४) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को निमय ३ बमोजिम सार्वजनिक गरिएको छ।**

१. कार्यालयको नामः- जिल्ला प्रशासन कार्यालय, प्यूठान ।

२. कार्यालयको काम कर्तव्य र अधिकारः-

- जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने ।
- आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन गर्ने ।
- हातहतियार तथा खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण; विस्फोटक पदार्थ सिफारिस र नियमन गर्ने ।
- विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन गर्ने ।
- सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन गर्ने ।
- गैरसरकारी सघसंस्था दर्ता, नवीकरण र नियमन गर्ने ।
- स्थानीय प्रशासनको सञ्चालन गर्ने ।
- नागरिकता वितरण गर्ने ।
- बाल कल्याण तथा बाल अधिकारको संरक्षण गर्ने ।
- भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने ।
- कार्यालय निरीक्षण तथा अनुगमन गर्ने ।
- कल्याण धन र बेवारिसी धनको व्यवस्थापन गर्ने ।
- चिठ्ठा, जुवा आदिको नियन्त्रण गर्ने ।
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण गर्ने
- विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- मुआब्जा निर्धारण तथा वितरण गर्ने ।
- पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस गर्ने ।
- जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार, संरक्षण र मर्मत गर्ने गराउने ।
- राहदानी वितरण गर्ने ।
- लागू औषध रोकथाम, नियन्त्रण र नियमन गर्ने ।
- जिल्ला स्थित कारागार कार्यालयको निरीक्षण तथा व्यवस्थापन गर्ने ।
- जिल्ला भित्र बजार क्षेत्रको अनुगमन, नियमन तथा नियन्त्रण गर्ने ।
- द्वन्द्ध प्रभावित व्यक्तिको पहिचान तथा राहत वितरण गर्ने ।
- नाता प्रमाणित गर्ने ।
- निर्वाचन सम्बन्धी निर्वाचन आयोग र गृह मन्त्रालयको आदेश तथा निर्देशन कार्यान्वयन गर्ने गराउने ।
- जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग गर्ने ।
- राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण गर्ने ।
- जिल्लामा सञ्चालित विकास निर्माण कार्यामा सहयोग र समन्वय गर्ने ।
- कानून बमोजिम तोकिए अनुसारको मुद्दाको सुरु कारवाही र किनारा गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

प्रशासकीय अधिकृत

- सरकारी वा सार्वजनिक जग्गाको संरक्षण गर्ने ।
- जिल्ला भित्रको सार्वजनिक पार्टी, पौवा, धारा, कुवा, सत्तल, मन्दिर, धर्मशाला आदिको लगत राख्ने र संरक्षण गर्ने ।
- भारतीय सेवामा कार्य गरी निवृत भएका व्यक्ति तथा तिनीहरुको परिवारको नाम, थर र उमेर फरक परेको विषयमा सिफारीश लगाएत अन्य सिफारिस सम्बन्धी कार्य गर्ने ।
- नावालक परिचयपत्र वितरण गर्ने ।

## ३. कार्यालय अन्तरगत रहने शाखा/उपशाखा

- स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा
- नागरिकता तथा प्रतिलिपि शाखा
- आर्थिक प्रशासन शाखा
- राहादानी तथा जिन्सी दर्ता शाखा
- गुनासो सुनुवाई तथा अभिलेख व्यवस्थापन शाखा
- मुद्दा तथा हातहतियार शाखा

## ४. कार्यालय अन्तरगत शाखामा रहने जिम्मेवारी कर्मचारीहरु

- आर्थिक प्रशासन शाखा
  - लेखापाल माया के.सी. (काज)
- नागरिकता तथा प्रतिलिपि शाखा
  - ना.सु. तेज बहादुर विश्वकर्मा
  - खरिदार गेहेन्द्र पोखेल
- राहदानी शाखा
  - ना.सु. महेन्द्र विष्ट
- मुद्दा तथा हातहतियार शाखा
  - ना.सु पिताम्बर भण्डारी
- स्थानीय प्रशासन तथा शा.सु. शाखा
  - ना.सु. मञ्जु कुमारी शाह/
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विवरण दर्ता स्टेशन
  - क.अ. सगुन शाक्य
  - फारम भर्ने/सहयोगी सन्दिप थापा

## ५. सेवा प्राप्त गर्न लाग्ने कागजात, दस्तुर तथा समयाअवधि

- नागरिक वडापत्रमा उल्लेख भए बमोजिम

## ६. निर्णय प्रक्रिया र अधिकारी

- प्रमुख जिल्ला अधिकारी बाट प्रत्यायोजन भएका विषयहरुका प्रशासकिय अधिकृतबाट र अन्य निर्णयहरु प्रमुख जिल्ला अधिकारी बाट हुने ।

## ७. गुनासो तथा निर्णय उपर उजुरी सुन्ने अधिकारी

- प्रमुख जिल्ला अधिकारी

## ८. प्रमुख जिल्ला अधिकारी:- खिमराज भुसाल (सम्पर्क नम्बरः ९८५७८१७७७७, ०८६४२००३३)

प्रशासकिय अधिकृत एवम् सूचना अधिकारी:- मेघराज सोनी (सम्पर्क नम्बरः ९८५७८३७१३३, ०८६४२०१३३)

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय प्यूठान

प्रशासकिय अधिकृत

९. कार्यालयको

- Website: https://daopyuthan.moha.gov.np/
- Facebook page: जिल्ला प्रशासन कार्यालय, प्यूठान
- Email Address: daopyuthan2074@gmail.com
  avilekhpyuthan@gmail.com

१०. कार्यालयको दरबन्दी संरचना

- कुल दरवन्दी -२२
- जम्मा पदपूर्ती भएको - १५
  - स्थायी - ९
  - करार - ६ (का.स. र ह.स.चा.)
- रिक्त दरबन्दी - ७ (करार सेवामा कार्यरत बाहेक)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण शाखा कार्यक्रम अन्तरगत कार्यरत कर्मचारीहरु- २ (करार)

११. २०७८ कार्तिक १ गते देखि २०७८ पुस मसान्त सम्म कार्यालयबाट प्रदान गरिएका सेवाहरु

| सि.नं. | सेवाको किसिम | - | महिना | | | जम्मा | दोस्रो त्रैमासिकको कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | कार्तिक | मंसिर | पुस | | |
| क. | नयाँ नेपाली नागरिकता विवरण | | ८५३ | ७६० | ९१४ | २३२७ | २३२७ |
| | नागरिकता प्रतिलिपपि | | ६२१ | ६८६ | ७८७ | २०९४ | २०९४ |
| | बैवाहिक अंगिकृत नागरिकता वितरण | | ० | ० | ० | ० | ० |
| ख. | राहदानी | | | | | | |
| | तयारी राहदानी वितरण | | २३४ | १६१ | ६९ | ४६४ | ४६४ |
| | कार्यालयबाट सिफारिस | | ३८८ | ७७ | ० | ४६५ | ४६५ |
| | द्रुत सेवा सिफारिस | | २५० | २५७ | १३९ | ६४६ | ६४६ |
| ग. | राष्ट्रिय परिचयपत्र दर्ता | | ७६५ | ९४० | ९७५ | २६८० | २६८० |
| घ. | विविध सिफारिस | | | | | | |
| | भारतीय पेन्सनरको लागि | | २८ | १७ | १७ | ६२ | ६२ |
| | आदिवासी सिफारिस | | ५९ | ५६ | ७१ | १८६ | १८६ |
| | दलित सिफारिस | | २७ | ४१ | ६७ | १३५ | १३५ |
| | नामथर प्रमाणित | | ५४ | ४४ | ७६ | १७४ | १७४ |
| | अन्य सिफारिस/चालचलन प्रमाणित | | ७/८ | ६/१ | १३/० | २६/९ | २६/९ |
| ङ. | नाबालक परिचय पत्र वितरण | | १ | ४ | ० | ५ | ५ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

...कीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| च. | सहायता कक्षबाट सेवा | ३५५ | ५६९ | | ६१५ | | १५३९ | | १५३९ | |
| छ. | मुद्दाको किसिम | जिम्मेवारी | कार्तिक | | मंसिर | | पुस | | | |
| | | | दर्ता | फछ्यौंट | दर्ता | फछ्यौंट | दर्ता | फछ्यौंट | दर्ता | फछ्यौंट |
| | १. क्षतीपूर्ती | | - | - | - | - | - | - | - | - |
| | २. सार्वजनिक नैतिकता विरुद्ध | | ३ | - | १ | - | १ | - | ५ | - |
| | ३. ठाठो उजुरी | | - | - | २ | २ | ४ | ४ | ६ | ६ |
| | ४. कालो बजारी | | - | - | - | - | १ | - | १ | - |
| | जम्मा | | ३ | - | ३ | २ | ६ | ४ | १२ | ६ |
| ज. | राजश्व संकलन | कार्तिक | | | मंसिर | | पुस | | | |
| | क. राहदानीबाट | १९,१५,००० | | | २,९२,५०० | | ५,००० | | २२,१२,५०० | |
| | ख. अन्य | १,७७,६२५ | | | २१,४०० | | १६,०५० | | २,१५,०७५ | |
| झ. | विपद पीडीतलाई राहत वितरण कार्यालयबाट | ६६,५०० | | | ४०,००० | | ९,३२,००० | | १०,३८,५०० | |
| | विपद पीडीतलाई राहत वितरण प्रदेश सरकारबाट | - | | | - | | ११,२०,००० | | ११,२०,००० | |
| ञ. | संघसंस्था नविकरण. दर्ता | ०/२ | | | ०/४ | | ०/८ | | ०/१४ | |
| ट. | हा.ह.ख.ख. नामासारी/नविकरण | ०/२ | | | ०/४ | | ०/१ | | ०/७ | |
| ठ. | विष्फोटक इजाजत पत्र/नविकरण | ० | | | ० | | ० | | ० | |
| ड. | कार्यालय अनुगमन | कार्तिक महिनामा एक पटक बजार अनुगमन भएको | | | | | | | | |
| ढ. | बजार अनुगमन | कार्तिक महिनामा एक पटक ६ वटा कार्यालयको अनुगमन भएको | | | | | | | | |

## १२. यस कार्यालयबाट गरिएका अन्य कार्यहरु —

### क) कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यहरु

- दोस्रो त्रैमासिक अवधिमा कोभिड-१९ बाट संक्रमित हुने ६३ जना भेटीएका छन् । यसमा पि.सि.आर. परिक्षणबाट २१ जना र Antigen परिक्षण गरिएका ३६३ जना मध्ये ४२ जना संक्रमित भेटीएका छन् । दोस्रो त्रैमासिक अवधिमा कोभिड-१९ को संक्रमणबाट ४ जनाको मृत्यु भएको र उपचार पछी निको भई घर फर्कने ५१ जना छन् । हाल सम्म जिल्लामा पि.सि.आर. परीक्षण ६९१३ जनामा गरिएकोमा १२३० जना संक्रमित र Antigen परीक्षण ७५५८ जनामा गरिएकोमा २७५० जना संक्रमित भेटीएका छन् । हाल सम्म जिल्लामा कोभिड-१९ को संक्रमणबाट ७७ जनाको मृत्यु भएको र उपचार पछी निको भई घर फर्कने ३८८० जना रहेका छन् । अहिले सक्रिय संक्रमित २३ जना (४ जना उपचाररत) रहेका छन् । स्वास्थ्यको पूर्वाधारहरुमा अस्पताल ९ वटा, वेड संख्या ५७, अक्सिजिन सिलिण्डर २०१, HDU Bed १० वटा रहेको छ भने ICU र भेन्टिलेटर नरहेको अवस्था छ ।
- जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को १ वटा बैठक बसी गरेका निर्णयहरु सरोकारवाला सबै निकायहरुबाट प्रभावकारी रुपमा कार्यान्वय गरिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

प्रशासकीय अधिकृत

- जिल्लामा कोभिड-१९ कोरोना संक्रमण रोकथाम नियन्त्रणका लागि जिल्लामा अनिवार्य रुपमा जनस्वास्थ्यका मापदण्डहरु पालना गरी निषेधाज्ञा खुकुलो बनाई निरन्तरता दिइएको साथै निषेधाज्ञाको कारण स्वास्थ्य सेवा लगायत अन्य अत्यावश्यक सेवा सञ्चालनका सम्बन्धमा पर्नसक्ने कठिनाई तथा असहजतालाई समन्वय तथा सहजीकरण गर्ने गरिएको छ ।
- नेपाल सरकारको नीति अनुसार दोस्रो त्रैमासिक अवधिमा कोभिड-१९ विरुद्ध ८४,५१८ जनालाई खोपको पहिलो मात्रा र जम्मा ४०,६४२ जनालाई खोपको दोस्रो मात्रा लगाइएको छ भने हालसम्म जिल्लामा कोभिड-१९ विरुद्ध पहीलो मात्रा खोप लगाउने संख्या १,५०,५१६ र पुरा मात्रा खोप लगाउने संख्या ६०,४१० रहेको छ ।
- कोभिड-१९ संकट व्यवस्थापन केन्द्रका पदाधिकारीहरुबाट जिल्ला स्थित आइसोलेसन केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन गरि सहयोग, समन्वय र निर्देशन दिने गरिएको छ ।
- जिल्लामा अस्पताल लगायत स्वास्थ्य संस्थाहरुमा अक्सिजनको सहज आपूर्ति व्यवस्थाको लागि प्यूठान अस्पतालमा मध्यम स्तरको अक्सिजन प्लान्टको निर्माण गरिएको र सोको सञ्चालनका लागि सरोकारवाला निकायसँग सहजीकरण गर्ने निर्णय भएको ।
- जिल्लामा कोभिड-१९ को नयाँ भेरियन्ट सँगै अन्य भेरियन्ट समेतको संक्रमणको जोखिम हुन सक्ने कुरालाई ध्यानमा राख्दै मिति २०७८।०९।२७ गतेको जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को निर्णय साथै CCMC बाट प्राप्त निर्देशनका आधारमा मिति २०७८।०९।२८ गते देखि लागु हुने गरी जिल्ला प्रशासन कार्यालयबाट कोभिड-१९ रोकथाम सम्बन्धी आदेश जारी गरिएको ।
- दोस्रो त्रैमासिक अवधिमा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को २ (दुई) वटा बैठक सम्पन्न गरि भएका निर्णयहरुको प्रभावकारी कार्यान्वयन गरिएको ।
- जिल्ला कोभिड खोप समन्वय तथा अनुगमन समितिको ३ (तीन) वटा बैठक बसी भएका निर्णयहरुको प्रभावकारी कार्यान्वयन गरिएको ।

## ख) शान्ति सुरक्षा र अमनचैन सम्बन्धी कार्य

- सुरक्षाकर्मीहरुको परिचालन गरी गैरकानूनी क्रियाकलापहरु निस्तेज पारी कानून बमोजिम कारबाही गरिएको र सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त र प्रभावकारी बनाईएको छ ।
- चाडपर्व लक्षित सुरक्षा योजना, २०७८ निर्माण गरी सोही बमोजिम सुरक्षा व्यवस्था मिलाईएको ।
- जिल्लामा शान्ति सुरक्षा कायम गर्न सुरक्षाका सबै निकायहरुले सूचना संकलन, विश्लेषण गरी गस्ती, पट्रोलिङ, LRP तथा Joint Operation लगायतका सुरक्षा कारवाही गरी सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त बनाईएको छ।
- सुरक्षाकर्मीहरुको परिचालन गरी त्यस्ता किसिमका गैरकानूनी क्रियाकलामहरु निस्तेज पारी कानून बमोजिम कारबाही गरिएको र सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त र प्रभावकारी बनाईएको छ ।
- श्रीमान् गृह सचिवज्यू र प्रमुख जिल्ला अधिकारीज्यू वीच भएको संझौता अनुसार प्रमुख जिल्ला अधिकारीवीच भएको कार्यसम्पादन सम्झौता अनुसार भएका कार्यहरुको प्रगति प्रतिवेदन तथा कार्ययोजना (एकिकृत रणनीतिक सुरक्षा योजना) तयार गर्ने गरिएको छ ।
- सुरक्षा समितिको नियमित तथा आवश्यकता अनुसार गरी ७ वटा बैठकहरु सम्पन्न गरि भएका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।

नेपाल सरकार ... मन्त्रालय ... कार्यालय
... अधिकृत

- जिल्लमा अत्याधिक चिसो, शितलहर, हिमपातका कारण हनु सक्ने क्षती हुन नदिनका लागि सुरक्षा निकायहरुले सम्बन्धित स्थानीय तहहरु र अन्य निकायहरुसँग समयमानै सहजिकरण गरिएको ।
- जिल्ला सुरक्षा समितिको अन्तर जिल्ला समन्वय बैठक अन्तरगत प्यूठान र रोल्पा जिल्लाको बैठक खंलगा, प्यूठान तथा प्यूठान, गुल्मी र अर्घाखाँची जिल्लाको बैठक अर्घखाँचीको सन्धिखर्कमा सम्पन्न भई बैठकमा भएका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिएको ।

## ग) विपद् व्यवस्थापन सम्बन्धी कार्यहरुः-

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी विभिन्न निर्णयहरु भएको र उक्त निर्णयहरु कार्यान्वयनका लागि सरोकारवाला सबैसँग समन्वय र सहजीकरण गरिएको ।
- जिल्ला स्थित सबै स्थानीय तहहरुले विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता राखी स्थानीय विपद् व्यवस्थापन समितिलाई थप क्रियासिल बनाई नजिकको सुरक्षा निकायसँग समन्वय गरेर विपद्का सभाव्य घटनाहरुको न्यूनीकरण गर्न पहल गर्ने ।
- जाडो मौसमको समयमा हुन सक्ने चिसो हिमपात र शितलहरबाट बच्न स्थानीय तह लगायत सरोकारवाला निकायले समन्वय गरी कार्य गर्ने निर्णय भएको ।
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आयोजनामा सम्भावित विपद्जन्य जोखिमयुक्त जिल्लाहरुमा विपद् प्रतिकार्य तथा व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि तथा अन्तरक्रिया कार्यक्रममा निजी आवास पुननिर्माण सम्बन्धी विषयमा स्थानीय तह र सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरि निजी आवास पुननिर्माणका सम्बन्धमा प्राधिकरणवाट निर्देशन भएको ।
- मिति २०७८।०९।२७ गते जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी विपद् व्यवस्थापनका सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट भएको आ.व.२०७८/०७९ को बैठक अवधि सम्मको खर्च अनुमोदन भएको साथै कोभिड-१९ को रोकथामका लागि सहजीकरण भएको र बेमौसमी बर्षाका कारण जिल्लामा धानबालीमा परेको क्षतिको क्षतिपुर्तिका लागि स्थानीय तहबाट आएको विवरण केन्द्रमा पठाउने निर्णय भएको ।

## घ) सुशासन सम्बन्धी कार्यहरुः-

- जिल्लामा विकास निर्माणका कार्यहरु गर्ने कार्यालयहरु तथा स्थानीय तहसँगको समन्वय गरी विकास निर्माणका कार्यहरुलाई सुचारु रुपले समयमै सम्पन्न गर्न विकास निर्माणसँग सम्बन्धीत सरोकारवाला निकायहरुवीचको समन्वय बैठक गरिएको ।
- कार्यालयका कर्मचारीहरुको नियमित स्टाफ बैठक बसी सेवा प्रवाहलाई छिटो, छरितो, सरल, सहज, प्रभावकारी, नागरिकमैत्री बनाउने लगायतका निर्णयहरु गरी सोको कार्यान्वयन गर्ने गरिएको ।
- जिल्लास्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरुको नियमित बैठक बसी आइपरेका समस्याहरुको बारेमा छलफल तथा सहजिकरण गरिएको ।
- समन्वयात्मक बैठक बसी भएका निर्णयहरु सम्बन्धित सरोकारवाला सबैले कार्यान्वयन गर्ने गरिएको ।
- जिल्ला स्तरीय अनुगमन तथा मूल्याँकन समितिको बैठक बसी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउदै चाडपर्वको समयमा कार्यालयहरुमा पालोपहरा मिलाउने, सुरक्षा निकायहरुले राजमार्गको प्रभावकारी सुरक्षा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

...कीय अधिकृत

व्यवस्था मिलाउन गस्ती पिकेट पट्रोलिङलाई चाडपर्व लक्षित सुरक्षा योजना, २०७८ बमोजिम व्यवस्था मिलाइएको ।

- सरकारी कार्यालयको सवारी साधन सार्वजनिक विदा र जिल्ला वाहिर लैजादा दुरुपयोग हुने सम्भावनालाई मध्यनजर गरी सवारी पासका आधारमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको ।
- संघ,प्रदेश र स्थानीय तहका सरकारी कार्यालयहरुले पुंजीगत खर्च बढ्ने गरी आयोजना तथा कार्यक्रमहरु प्राथमिकताका साथ प्रभावकारी ढंगले समयमनै सम्पन्न हुने गरी सञ्चालन गर्ने व्यवस्था गरिएको ।
- लुम्बिनी प्रदेश कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको समन्वयमा बाल विवाह अन्त्यको रणनीति, २०७८ को सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा अन्य तालुक निकायहरुबाट प्राप्त निर्देशन र परिपत्र आदीको कार्यान्वयन गर्ने गरिएको ।
- सबै तहका सरकारका कार्यालयहरुको निरीक्षण गरी सुशासन र पारदर्शिता कायम गर्ने कार्यालाई उच्च प्राथमिकता दिइएको ।
- नौबहीनी गाँउपालिका खवाङमा ३३ के.भी. विद्युत सवस्टेशन निर्माणका लागि मुआब्जा निर्धारण समितिको बैठक बसी निर्णय गरियो ।
- सूचना अधिकारीको त्रैमासिम बैठक सम्पन्न गरिएको ।
- District Soldier Board स्थापना गर्ने सम्बन्धमा सरोकारवाला निकायहरुवी समन्वय बैठक सम्पन्न गरिएको
- लुम्बिनी प्रदेश आर्थिक मामिला तथा सहकारी मन्त्रीज्यूको प्रमुख आथित्यतामा जिल्लामा कार्यालयहरुले प्राथमिकताका साथ आयोजनाहरु अघि बढाउने, गुणस्तरीय रुपमा निर्माण सम्पन्न गर्ने र पूँजीगत खर्च बढने गरी आयोजनाहरु सञ्चालन गर्न समन्वय बैठक गरिएको ।
- युवा स्वरोजगार कोष अन्तरगत कर्जा असुली उपसिमिको बैठक बसी जिल्लामा लगानी भएको कर्जा र असुलि हुन बाँकी कर्जाको विवरण संकलन गर्ने सम्बन्धमा निर्णय भएको ।
- जिल्ला स्तरीय विषयगत क्षेत्र समन्वय समितिको बैठक बसी जिल्लामा हिंसामा पर्न सक्ने महिलाहरुको लागि OCMC र Safe house को प्रभावकारी सञ्चालनको लागि OCMC सल्लाहाकार तथा समन्वय समितिलाई सहजीकरणका लागि अनुरोध गर्ने निर्णय गरिएको ।
- राष्ट्रिय सूचना आयोगका माननीय प्रमुख आयुक्त, श्रीमान् सचिव ज्यू तथा जिल्लामा अवस्थित कार्यालयका कार्यालय प्रमुख र सूचना अधिकारीहरुको उपस्थितिमा सूचनाको हक सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।

**ङ) आर्थिक प्रशासन सम्बन्धी कार्यहरु**

- चालु आ.व. २०७८।०७९ का लागि विनियोजन भएको रकमको त्रैमासिक खर्च विवरण

| विनियोजित रकमको शिर्षक | जम्मा विनियोजन भएको रकम रु. | कार्तिक देखि पुस सम्म खर्च भएको रकम रु. | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| पुंजीगत तर्फ | ९,८०,००० । | १,९६,४९९ । | २०.०५ | |
| चालु तर्फ | १,४४,७८,००० । | २५,३४,७७४*। | १७.५० | |
| **जम्मा** | १,५४,५८,००० । | २७,३१,२७३ । | १७.६६ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

प्रशासकीय अधिकृत

च) अन्य कार्यहरु

- स्वर्गद्धारी न.पा. वडा नं. ९, लामाचौरमा नेपाली सेनाको इन्द्रध्वज गणको प्राविधिक सहयोगमा सर्पदंश उपचार केन्द्र निर्माण कार्य अघि बढेको र जिल्लाका सबै स्थानीय तहसँग समन्वय गरिएको
- जिल्लास्थित सुरक्षा निकायहरुको निरीक्षण गरि निर्देशन दिईएको ।
- जिल्लामा सञ्चालन हुने विकास निर्माणका कार्यहरुको अनुगम गरी समयमै सम्पन्न गर्न पहल गरिएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

१०।०३
प्रशासकीय अधिकृत